# गौमुखी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

स्था: २०७३

पत्र संख्या: २०८३/०८४
चलानी नं:

पुजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

**जिविकोपार्जन सुधार कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना !!!**

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/०८

सूचना नं: २७/२०८३/०८४

यस गौमुखी गाउँपालिकाको आ.व.२०८३/०८४ को संघीय सरकार शसर्त अनुदान तर्फको स्वीकृत **जिविकोपार्जन सुधार कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले ईच्छुक संस्थाहरुबाट प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन ( मिति २०८३/०६/२२ गते ) भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र गौमुखी गाउँपालिकाको कार्यालय, पुँजा, लिवासेमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा र संलग्न गर्नुपर्ने कागजात **(स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम संचालन सम्वन्धी कार्यविधि, २०८२ बमोजिम)** गौमुखी गाउँपालिकाको वेवसाईट (www.gaumukhimun.gov.np) वा महिला, बालवालिका लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको वेवसाईट (www.mowcsc.gov.np ) वाट प्राप्त गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

| सि.न. | संचालन हुने कार्यक्रमहरु | | कूल लागत |
|---|---|---|---|
| १ | पर्यटन क्षेत्र: | होमस्टे, होटल, रेष्टुरेन्ट, ट्रेकिङ, स्थानीय स्रोत साधन र संस्कृतिमा आधारित व्यवसाय कार्यहरु | ९ लाख मात्र । |
| २ | गैहृकृषि क्षेत्र: | वनपैदावार, लोक्ता कागज उद्योग, अल्लो, जडिवुटी उत्पादन तथा प्रशोधन, ढाका वुनाई, होजियारी, बेकरी, हस्तकलाका सामान, ड्राइभिङ, प्लम्बिङ, ब्यूटीपार्लर, क्रिस्टल, सैलुन र इलेक्ट्रिसियन | |
| ३ | कृषि क्षेत्र | सहकारी खेती, सामुहिक खेती, आधुनिक खेती, पशु पालन, कृषि उत्पादनमा आधारित व्यवसाय कार्यक्रमहरु | |

आवश्यक कागजातहरु

१ प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको सहकारी वा गैर सरकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२ संस्थाको विधान, परिचय, उदेश्य, कार्यसंचालन प्रक्रिया, भैतिक तथा वित्तीय स्रोत सम्बन्धी विवरण ।
३ प्रस्तावित व्यवसायको अवधारणपत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजना ।
४ स्थायी लेखा नम्वर तथा गत आ.व.को कर चुक्ता प्रमाण-पत्र प्रतिलिपि ।
५ गत आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
६ प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण ।
७ कालोसुचिमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्व:घोषणा पत्र ।
८ प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायीक सम्भाव्यता समेत उल्लेख गरि सोको कौर्यन्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्ने छ ।

दुर्गा प्रसाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत